| | | | | | |
|---|---|---|---|---|---|
| | | सक्कल प्रमाणपत्र<br>• अनलाइन फारामको Barcode / QR Code<br>• विवाह दर्ता / बसाइँसराइ (आवश्यक परेमा) | दर्ता) | | / प्रशासकीय अधिकृत |
| ५ | राहदानी (E-Passport) सिफारिस | • अनलाइन अपोइन्टमेन्ट फाराम<br>• सक्कल नागरिकता र राष्ट्रिय परिचयपत्र (NID) नम्बर<br>• अनलाइन वा बैंक राजस्व दाखिला रसिद | सोही दिन | साधारणः रु. ५,०००/-<br>बालबालिका रु.२,५०० /- | प्रशासकीय अधिकृत |
| ६ | नाबालक परिचयपत्र | • सम्बन्धित वडा कार्यालयको सिफारिस र जन्मदर्ता प्रमाणपत्र<br>• बाबु तथा आमाको नेपाली नागरिकता प्रमाणपत्र | सोही दिन | रु. ०/- | प्रशासकीय अधिकृत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • नाबालिकको हालसालै खिचिएको फोटो २ प्रति | | | |
| ७ | संस्था दर्ता (गैरसरकारी) | • संस्थाको विधान ३ प्रति र वडा सिफारिस<br>• तदर्थ कार्यसमितिको निर्णय, नागरिकता प्रतिलिपि<br>• पदाधिकारीहरूको प्रहरी प्रतिवेदन र घरभाडा सम्झौता | २ देखि ३ दिन | नियमानुसार | प्रशासकीय अधिकृत / प्रमुख जिल्ला अधिकारी |
| ८ | संस्था नवीकरण | • वार्षिक प्रगति प्रतिवेदन र लेखापरीक्षण (Audit) रिपोर्ट<br>• कर चुक्ता प्रमाणपत्र र साधारण सभाको निर्णय | सोही दिन | नियमानुसार | प्रशासकीय अधिकृत |
| ९ | आदिवासी/जनजाति/दलित/मधेसी सिफारिस | • सम्बन्धित स्थानीय तह/वडाको आधिकारिक सिफारिस | सोही दिन | नियमानुसार | प्रशासकीय अधिकृत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • निवेदकको नेपाली नागरिकताको प्रतिलिपि | | | |
| १० | **मुद्दा तथा ठाडो उजुरी दर्ता** | • जाहेरी दरखास्त वा ठाडो उजुरी पत्र<br>• घटनासँग सम्बन्धित प्रमाण तथा घटनास्थल मुचुल्का | नियमानुसार (प्रक्रियागत) | निःशुल्क | प्रमुख जिल्ला अधिकारी (इजलास) |

**विशेष व्यवस्था तथा सुविधाः**

- **ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तका लागिः** ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय तथा काखमा सानो बच्चा भएका महिलाहरूका लागि लाइन नबसी सिधै सेवा लिने गरी **Fast-Track (प्राथमिकता)** सेवा उपलब्ध गराइन्छ।
- **सहायता कक्ष (Help Desk):** फाराम भर्न असजिलो हुने वा जानकारी नभएका सेवाग्राहीहरूका लागि कार्यालयको प्रवेशद्वारमै निःशुल्क फाराम भरिदिने र मार्गदर्शन गर्ने प्रबन्ध गरिएको छ।

# परिच्छेद ५:

## विपद् व्यवस्थापन, पूर्वतयारी र प्रतिकार्य योजना

महोत्तरी जिल्ला उत्तरमा चुरे क्षेत्र र दक्षिणमा रातु, बिग्ही, मरहा, जङ्गा जस्ता नदीहरूका कारण बाढी, डुबान र कटानको दृष्टिकोणले ज्यादै संवेदनशील मानिन्छ। जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) ले मनसुन पूर्वतयारी र आपत्कालीन प्रतिकार्यलाई उच्च प्राथमिकतामा राखेको छ।



## ५.१ पालिकाहरूको बाढी/डुबान जोखिम वर्गीकरण

*विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (QRT/IRT Plan) अनुसार जोखिम तहः*

| जोखिम तह | स्थानीय तहहरू (पालिकाहरू) | मुख्य प्रभावित नदी/प्रकोपको कारण | नजिकको सुरक्षित स्थान / आश्रयस्थल |
|---|---|---|---|
| उच्च जोखिम | जलेश्वर न.पा., लोहारपट्टी न.पा., बलवा न.पा., मटिहानी न.पा., मनराशिसवा न.पा., एकडारा गा.पा., महोत्तरी गा.पा., पिपरा गा.पा. | रातु नदी, बिग्ही खोला, जङ्गा र मरहा खोलाको डुबान | श्री राम मा.वि. मटिहानी, लक्ष्मी नारायण मा.वि., पर्सा मा.वि., स्थानीय पक्की विद्यालय भवनहरू |
| मध्यम जोखिम | गौशाला न.पा., रामगोपालपुर न.पा., सम्सी गा.पा., सोनमा गा.पा. | स्थानीय खोलाहरूको बाढी र नदी कटान | स्थानीय आधारभूत विद्यालय तथा सार्वजनिक सामुदायिक भवनहरू |
| न्यून जोखिम | बर्दिबास न.पा., भँगाहा न.पा., औरही न.पा. | रातु नदीको कटान तथा साना पहिरोहरू | बर्दिबास कभर्ड हल, किसाननगर विद्यालय |

विपद्को उच्च जोखिममा रहेको महोत्तरी जिल्लामा बाढी, डुबान, आगलागी तथा सीमा क्षेत्रमा हुन सक्ने सम्भावित दुर्घटनाहरूको प्रभावकारी प्रतिकार्य (Response) का लागि जिल्ला प्रशासन कार्यालयको अगुवाइमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाको संयुक्त सहभागितामा विभिन्न स्थानहरूमा नमुना अभ्यास (Mock Drill) सम्पन्न गरिएको छ। रातु तथा बिग्ही खोलामा आउने सम्भावित बाढी र डुबानमा परेका नागरिकको उद्धार, प्राथमिक उपचार तथा सुरक्षित स्थानमा स्थानान्तरण सम्बन्धी जल उत्पन्न विपद् प्रतिकार्य अभ्यासका साथै गर्मी याममा हुने आगलागी नियन्त्रणका लागि समुदायस्तरमै व्यावहारिक अभ्यासहरू सञ्चालन गरिएका थिए। यस्ता नमुना अभ्यासहरूले सुरक्षा निकायहरूबीचको अन्तर-निकाय समन्वय (Inter-agency Coordination) लाई सुदृढ बनाउनुका साथै स्थानीयवासीमा जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामा अपनाउनुपर्ने सावधानीबारे प्रत्यक्ष व्यावहारिक सचेतना अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्।



*(जिल्ला विपद् व्यवस्थापन समितिको बैठक र बाढी उद्धार अभ्यास (Mock Drill) को दृष्य)*

## ५.२ QRT/IRT परिचालन तथा खोज/उद्धार सामग्री माग विवरण

विपद्को समयमा जनधनको क्षति कम गर्न नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका दक्ष जनशक्ति सम्मिलित Quick Response Team (QRT) र Incident Response Team (IRT) लाई 'स्ट्यान्ड-बाई' (Stand-by) राखिएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) मा माग गरिएका अत्यावश्यक सामग्रीहरू:

1. **OBM (Motor Boat):** १ थान (बाढी डुबानमा उद्धारका लागि)
2. **Rubber Boat:** ३ थान
3. **Life Jacket:** २०० थान
4. **Life Buoy Ring:** ५० थान
5. **Tent (ठूलो आकार):** २५ थान (अस्थायी बासस्थान)
6. त्रिपाल (**Tarpaulin):** ५० थान
7. **Rope (नाइलन/स्टाटिक):** १,००० मिटर
8. **Rechargeable Search Light:** ३० थान
9. **Chain Saw (काठ काट्ने मेसिन):** ५ थान (अवरोध हटाउन)
10. **Drone Camera:** १ थान (अनुगमन तथा खोज)

## ५.३ प्राकृतिक प्रकोप (गर्मी/लू, शीतलहर, आगलागी) सम्बन्धी सूचना र सार्वजनिक अपील

- **अत्यधिक गर्मी र तातो हावा (लू) सम्बन्धी अपील (२०८३/०१/११):** वैशाख/जेठ महिनामा चलेको तातो हावाबाट बच्न दिउँसोको चर्को घाममा बाहिर ननिस्कन, प्रशस्त पानी पिउन, सार्वजनिक स्थानमा प्याउली (खानेपानी) व्यवस्था गर्न र जलेश्वर अस्पताल लगायतका स्वास्थ्य केन्द्रहरूलाई गर्मीजन्य बिरामीको उपचारका लागि तयारी अवस्थामा रहन सार्वजनिक अपील जारी गरियो।
- **सडक सुरक्षा तथा यात्रा कडाइ सूचना (२०८३/०१/२२):** प्रि-मनसुन र अविरल वर्षाका बेला जोखिमयुक्त सडक तथा नदीजन्य सडकखण्डहरूमा

लापरवाहीपूर्वक सवारी नचलाउन र मौसम पूर्वानुमान ध्यानमा राखेर मात्र यात्रा गर्न निर्देशन दिइयो।

- **दावानल/आगलागी सतर्कता**: सुक्खा मौसममा हावाहुरीका कारण हुन सक्ने आगलागी रोक्न जिल्लाका सबै दमकलहरू तयारी अवस्थामा राख्न र आगलागी प्रभावित परिवारलाई तत्काल खाद्यान्न तथा त्रिपाल राहत वितरण गर्ने प्रबन्ध मिलाइएको छ।

# परिच्छेद ६: बजार अनुगमन, उपभोक्ता हित संरक्षण तथा कालोबजारी नियन्त्रण

गृह मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको निर्देशनानुसार मिति २०८३ वैशाख २८ देखि जेठ ३ गतेसम्म जिल्लाभर **"मूल्य पारदर्शिता सप्ताह"** (**Price Transparency Week**) मनाइयो।

**अनुगमन तथा कारबाहीको विस्तृत विवरणः**

1. **संयुक्त अनुगमन टोलीः** सहायक प्रमुख जिल्ला अधिकारी श्री संजय कुमार पोखरेलको नेतृत्वमा घरेलु तथा साना उद्योग, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन, नापतौल, प्रहरी र उद्योग वाणिज्य सङ्घको संयुक्त टोली परिचालन गरियो।
2. **अनुगमन गरिएका क्षेत्रहरूः** रामगोपालपुर, बर्दिबास, जलेश्वर, गौशालाका मनिष जनरल स्टोर, जीवन ज्योति जनरल स्टोर, शिवानी जनरल स्टोर, विवेक किराना, दुर्गा किराना पसल आदि।
3. **भेटिएका कैफियतहरूः** स्पष्ट मूल्यसूची नराखिएको, व्यवसाय दर्ता/नवीकरण नगरिएको, साइनबोर्ड नभएको, म्याद गुज्रेका अखाद्य वस्तु बिक्रीमा राखिएको र बिल/रसिद नदिने गरिएको।
4. **कारबाही तथा जरिवानाः**
    - महोत्तरी जिल्लाको सबै बजारहरु समेटिने गरी प्रत्येक महिनाको कम्तिमा दुई पटक सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा टोली परिचालन गरि बजार अनुगमन कार्यलाई तिब्रता दिईएको ।
    - म्याद नाघेका उपभोग्य सामग्रीहरू (चिसो पेय पदार्थ, मसला, कस्मेटिक्स आदि) नियन्त्रणमा लिई स्थलगत रूपमा नष्ट गरियो।
    - आ.व. २०८२/०८३ मा बजार अनुगमन तथा उपभोक्ता हित विपरीतका कार्यहरूमा आवश्यक कार्वाही गरियो।
    - व्यवसायीहरूलाई अनिवार्य रूपमा मूल्यसूची राख्न, गुणस्तरीय वस्तु मात्र बिक्री गर्न र दर्ता प्रक्रिया पूरा गर्न कडा निर्देशन दिइयो।

# परिच्छेद ७: मुद्दा फछ्र्यौट, न्यायिक कार्य, अनुचित लेनदेन (मिटरब्याज) र राहत

## ७.१ प्रमुख जिल्ला अधिकारीको इजलास र मुद्दा फछ्र्यौट

स्थानीय प्रशासन ऐन, २०२८, मुलुकी फौजदारी कार्यविधि संहिता र अन्य विशेष ऐन अन्तर्गत प्रमुख जिल्ला अधिकारीको न्यायिक इजलासबाट सम्पादित कार्यहरू:

- **आ.व. २०८२/०८३ मा कुल मुद्दा दर्ता:** १७४ वटा (सार्वजनिक शान्ति विरुद्धको कसूर, कालोबजारी, हतियार आदि)।
- **फैसला/फछ्र्यौट सङ्ख्या:** ११९ वटा मुद्दा फैसला भई फछ्र्यौट भएका छन्।
- **न्यायिक दण्ड जरिवाना सङ्कलन:** मुद्दा फैसला बापत **रु. ९,४०,६८१/-** राजस्व सङ्कलन गरियो।

## ७.२ अनुचित लेनदेन (मिटरब्याज) उजुरी फछ्र्यौट तथा वैदेशिक रोजगार ठगी

1. **अनुचित लेनदेन (मिटरब्याज) समाधान:**
    - महोत्तरी जिल्लामा विकराल बनेको मिटरब्याज समस्या समाधानका लागि विशेष अनुचित लेनदेन डेस्क स्थापना गरी निरन्तर छलफल गराइयो।
    - **कुल दर्ता उजुरी सङ्ख्या:** ६,२२६ वटा।
    - **छलफल भई फछ्र्यौट/मिलापत्र भएको सङ्ख्या:** ३,९११ उजुरी मिलापत्र गराइएको छ।
    - उपलब्धि: फर्जी कपाली तमसुकहरू रद्द गराई साहुहरूबाट पीडित गरीब किसानहरूको हजारौं बिघा जग्गा र करोडौं रुपैयाँ फिर्ता गराउन सफलता प्राप्त भएको छ।
2. **वैदेशिक रोजगारी सम्बन्धी ठगी उजुरी:**
    - दर्ता उजुरी: १९२ वटा (एजेन्ट र मेनपावरबाट ठगी, उद्धार तथा रकम फिर्ता)।

◦ **फछ्यौंट सङ्ख्याः** १११ वटा उजुरीमा दुवै पक्षबीच सहमति गराई रकम पीडितहरूलाई फिर्ता दिलाइएको छ।




*(मिलापत्रको माध्यबाट पिडित लाई रकम फिर्ता गराउँदै गरेको दृष्य)*

## ७.३ द्वन्द्वपीडित राहत, क्षतिपूर्ति तथा राहत सिफारिस

विगतको सशस्त्र द्वन्द्वबाट प्रभावित नागरिकहरूका लागि प्राप्त राहत, सामाजिक सुरक्षा तथा क्षतिपूर्ति सिफारिस सम्बन्धी कार्यहरूः

- द्वन्द्वपीडितहरूको नामावली, मृतक, अङ्गभङ्ग तथा सम्पत्ति क्षति विवरण अद्यावधिक गरी गृह मन्त्रालय र सम्बद्ध निकायमा राहत/जीवनवृत्ति भत्ताका लागि सिफारिस पठाइएको छ।
- विभिन्न प्राकृतिक विपद् (आगलागी, चट्याङ, बाढी) का मृतकका परिवारलाई तोकिएको राहत रकम तत्काल उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन कोषबाट रकम निकासा र सिफारिस गरिएको छ।

## ७.४ वैदेशिक रोजगार ठगी फछ्यौंट तथा चेलीबेटी उद्धार

## १. वैदेशिक रोजगारीका क्रममा भएको ठगी नियन्त्रण तथा क्षतिपूर्ति फिर्ता

- **एकीकृत वैदेशिक रोजगार सहजीकरण डेस्कः** वैदेशिक रोजगारीका क्रममा एजेन्ट, म्यानपावर कम्पनी वा मध्यस्थकर्ताहरूबाट ठगीमा परेका, सम्झौता अनुसारको काम र तलब नपाएका तथा अलपत्र परेका युवाहरूलाई न्याय दिलाउन कार्यालयमा समर्पित 'वैदेशिक रोजगार उजुरी एवं सहजीकरण डेस्क' मार्फत सेवा प्रवाह गरिएको।
- **सघन छलफल र रकम फिर्ता (मध्यस्थता):** वैदेशिक रोजगारीको लोभमा परी रकम बुझाएर ठगीमा परेका पीडित युवाहरू र सम्बन्धित एजेन्ट/म्यानपावर प्रतिनिधिहरूलाई कार्यालयमा झिकाई निरन्तर छलफल र मेलमिलाप गराइएको। यस आर्थिक वर्षमा दर्ता भएका **१९२ वटा उजुरीहरूमध्ये १११ वटा उजुरीहरूमा दुवै पक्षबीच सहमति गराई रु. करोडौं रकम पीडितहरूलाई फिर्ता दिलाउन सफलता प्राप्त भएको।**
- **विदेशमा अलपत्र तथा मृतकका परिवारलाई सेवा र सुविधा भुक्तानीः** विदेशमा रोजगारकै क्रममा ज्यान गुमाएका श्रमिकका परिवारहरूका लागि कल्याणकारी कोष, बिमा तथा वैदेशिक रोजगार बोर्डबाट प्राप्त हुने आर्थिक सहायता एवं बक्यौता तलब/बोनसको रकम सुरक्षित रूपमा सम्बन्धित हकदारको खातामा भुक्तानी गराउन सहजीकरण गरिएको।
- **प्रहरी तथा केन्द्रीय निकायसँग समन्वयः** सहमतिमा नआउने, फरार रहने वा नियतवश ठगी गर्ने दलाल तथा एजेन्टहरू विरुद्ध कडा कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय, वैदेशिक रोजगार विभाग तथा सम्बन्धित कूटनीतिक नियोगहरूसँग द्रुत समन्वय गरी मुद्दा अगाडि बढाइएको।

## २. मानव बेचबिखन/तस्करी नियन्त्रण तथा भारतबाट चेलीबेटीहरूको सफल उद्धार

- **भारतीय सीमापार चेलीबेटी उद्धार (Cross-Border Rescue):** प्रलोभन, आर्कषक रोजगारीको बहाना वा झुक्याएर भारततर्फ बेचबिखनका लागि लैजाँदै गरिएका तथा भारतका विभिन्न स्थान (जस्तैः सीतामढी, पटना, नयाँ दिल्ली आदि) मा पुर्‍याइएका महोत्तरीका चेलीबेटीहरूलाई जिल्ला प्रशासन कार्यालयको प्रत्यक्ष पहलमा सफल उद्धार गरी स्वदेश फर्काइएको।

- **नेपाल-भारत अन्तर-निकाय तथा सामाजिक सङ्घ-संस्था समन्वयः** भारतीय समकक्षी अधिकारीहरू (District Magistrate, सीतामढी), भारतीय सुरक्षा बल (SSB), नेपाल प्रहरी, सशस्त्र प्रहरी बल (APF) तथा मानव बेचबिखन विरुद्ध कार्यरत गैरसरकारी संस्थाहरू (जस्तैः माइती नेपाल, आफन्त नेपाल, किन्निहोप आदि) सँगको निरन्तर समन्वयमा जोखिममा परेका महिला तथा बालबालिकाहरूको तत्काल खोजी र उद्धार गरिएको।
- **पारिवारिक पुनर्मिलन तथा परामर्शः** भारतबाट उद्धार गरी ल्याइएका चेलीबेटीहरूलाई कानुनी प्रक्रिया पूरा गरी सुरक्षित रूपमा अभिभावकको जिम्मा लगाइनुका साथै उनीहरूलाई मानसिक आघातबाट मुक्त गराउन आवश्यक मनोसामाजिक परामर्श (Psychosocial Counselling) को व्यवस्था मिलाइएको।
- **मुख्य नाकाहरूमा सघन चेकिङ र सचेतनाः** मानव बेचबिखनको दृष्टिकोणले संवेदनशील मानिएका मुख्य सीमा नाकाहरू (भिट्टामोड, मटिहानी, सम्सी) मा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका महिला सुरक्षाकर्मीहरू परिचालन गरी शङ्कास्पद महिला तथा बालबालिकाहरूको आवतजावतमा विशेष कडाइ र सोधपुछ (Vigorous Screening) गर्ने गरिएको।



*(उद्धार गरी स्वदेश फर्काइएकाहरुको तस्विर)*

## ३. सचेतना अभियान तथा प्रचार-प्रसार

- **फेसबुक तथा सामाजिक सञ्जालमार्फत सूचना पारदर्शिताः** जिल्ला प्रशासन कार्यालय महोत्तरीको आधिकारिक फेसबुक पेजमार्फत वैदेशिक रोजगारमा जाँदा अपनाउनुपर्ने सावधानी, ठगीबाट बच्ने उपाय, आधिकारिक वैदेशिक रोजगार एजेन्सीहरूको विवरण तथा चेलीबेटी उद्धारका सफल समाचार र सूचनाहरू नियमित रूपमा सार्वजनिक गरी नागरिकलाई सुसूचित गराइएको।



- **स्थानीय तह र समुदायस्तरमा सचेतनाः** सुरक्षित वैदेशिक रोजगार र मानव बेचबिखन नियन्त्रणका लागि स्थानीय तह, वडा कार्यालय र विद्यालयहरूसँग समन्वय गरी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको।

# परिच्छेद ८: नागरिक सेवा सुधार र प्रविधि

## ८.१ कार्यप्रक्रिया पुनर्संरचना (**Business Process Re-engineering - BPR**)

गृह मन्त्रालयको निर्देशनानुसार सेवा प्रवाहलाई झन्झटमुक्त, छिटो र छरितो बनाउन BPR अवधारणा अनुसार निम्न सुधारहरू प्रस्ताव गरिएका छन्:

| सेवाको नाम | साविकको झन्झटिल प्रक्रिया | पश्चात्को सुधारिएको/प्रस्तावित प्रक्रिया | अपेक्षित लाभ / नतिजा |
|---|---|---|---|
| नयाँ नागरिकता | वडा सिफारिस, हस्तलिखित फाराम, भौतिक ढड्डा रुजु, सनाखत, ३ तहको तोक। | अनलाइन आवेदन, वडाबाट अनलाइन अनुमोदन, CCIMS/NID डेटा स्वचालित रुजु, १ घण्टामै जारी। | कागजी झन्झट हट्ने, दोहोरोपन अन्त्य र छिटो सेवा। |
| नागरिकता प्रतिलिपि | वडा सिफारिस, पुरानो ढड्डा खोज्ने, पत्राचार गर्ने (अन्य जिल्लाको भए ७-१५ दिन)। | वडा सिफारिस विस्थापन, NIDMIS बायोमेट्रिक (औंठाछाप) रुजु गरी १५-३० मिनेटमै प्रतिलिपि जारी। | नागरिकलाई साविक जिल्ला धाउनुपर्ने बाध्यताको अन्त्य। |
| राहदानी | घण्टौं लाइनमा बस्ने, कागजातको भौतिक रुजु, लामो टर्नअराउन्ड समय। | अनलाइन अपोइन्टमेन्ट/टोकन, अनलाइन राजस्व भुक्तानी (Hold System), बायोमेट्रिक मात्र दिने। | लाइन बस्नु नपर्ने, दलालको ठगी अन्त्य हुने। |

## ८.२ टोकन प्रणाली, हेल्पडेस्क, नागरिक वडापत्र र अपाङ्गता/ज्येष्ठ नागरिकमैत्री सेवा

- **एकीकृत तथा एकद्वार सेवा प्रणाली (Single Door System):** गृह मन्त्रालयबाट प्राप्त नीतिगत निर्देशन अनुरूप सेवाग्राहीले फरक-फरक फाँटमा

धाइरहनुपर्ने बाध्यताको अन्त्य गर्दै एकै स्थानबाट सेवा तथा जानकारी प्राप्त गर्न सक्ने गरी **एकद्वार (One-Stop) सेवा प्रणाली** कार्यान्वयनमा ल्याइएको।

- **पब्लिक एनाउन्समेन्ट सिस्टम (Public Announcement System) जडानः** सेवाग्राहीको भीड व्यवस्थापन, टोकन नम्बर बुझाउन तथा सेवा सम्बन्धी महत्त्वपूर्ण सूचनाहरू स्पष्ट रूपमा सम्प्रेषण गर्न कार्यालय परिसरमा आधुनिक **पब्लिक एनाउन्समेन्ट** (ध्वनि/माइक) **प्रणाली** जडान गरी सञ्चालनमा ल्याइएको।
- **सुविधायुक्त प्रतीक्षा कक्ष (Waiting Room) को व्यवस्थाः** सेवा लिन आउने नागरिकहरूलाई मौसम अनुकूल (चर्को घाम, गर्मी तथा वर्षात्‌बाट जोगिन) शीतल, स्वच्छ र आरामदायी वातावरण प्रदान गर्न **पिउने खानेपानीको सुविधा र पर्याप्त बस्ने कुर्सीहरूसहितको व्यवस्थित प्रतीक्षालय (Waiting Area)** को निर्माण तथा व्यवस्थापन गरिएको।
- **डिजिटल टोकन प्रणालीः** नागरिकता, राहदानी र राष्ट्रिय परिचयपत्र सङ्कलन फाँटहरूमा सेवाग्राहीको भीड व्यवस्थापन गर्न डिजिटल टोकन प्रणाली लागू गरिएको छ।
- **सहायता कक्ष (Help Desk):** अशिक्षित तथा असहाय सेवाग्राहीहरूलाई फाराम भरिदिन र निःशुल्क परामर्श दिन कार्यालयको प्रवेशद्वारमै हेल्पडेस्क सञ्चालन गरिएको छ।
- **नागरिक वडापत्र (Citizen Charter):** सेवा, लाग्ने समय, शुल्क र जिम्मेवार अधिकृतको नाम स्पष्ट खुल्ने गरी फ्लेक्स तथा डिजिटल बोर्डमा वडापत्र राखिएको छ।
- **ज्येष्ठ नागरिक, अपाङ्गता तथा बालबालिका प्राथमिकताः** ७० वर्ष माथिका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय र काखमा बच्चा भएका महिलाहरूका लागि लाइन नबसी सिधै सेवा लिने (Fast-Track) विशेष व्यवस्था मिलाइएको तथा दुध खुवाउने आमाको लागि स्तनपान कक्षको व्यवस्था गरिएको ।




## ८.३ एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) र अनलाइन सेवा

- एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) लागु गरी कार्यालय व्यवथापन तथा पत्र व्यवहारलाई डिजिटलाईज गर्न मन्त्रालय संग आवश्यक पहल जारी रहेको छ । **CCIMS** प्रणाली पुर्ण रुपमा लागु गरिएको जिल्लाका सम्पुर्ण वडा कार्यालयमा नयाँ नागरिकताको लागि अनलाईन सिफारिस कार्यान्वयन गर्न सफलता प्राप्त भएको छ । कार्यालयका अभिलेखहरू डिजिटाइज गर्ने काम निरन्तर जारि रहेको तथा CCIMS (नागरिकता प्रणाली) र NIDMIS (राष्ट्रिय परिचयपत्र प्रणाली) मा आबद्ध भई राष्ट्रिय परिचयपत्र सम्बन्धि सेवा प्रवाह थप सहज भएको छ।
- **BIPAD Portal:** जिल्लाभित्रका विपद् सम्बन्धी घटनाहरूको तत्काल अनलाइन रिपोर्टिङ र डिजिटल अभिलेखीकरणका लागि विपद् पोर्टल (BIPAD Portal) सञ्चालनमा ल्याइएको र यसलाई थप प्रभावकारी बनाउन स्थानिय विपद व्यवस्थापन समितिहरु सँग निरन्तर समन्वय भईरहेको छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
महोत्तरी, जलेश्वर

# परिच्छेद ९: समन्वय, सार्वजनिक कार्यक्रमहरू तथा सचेतनामूलक अभियानहरू

## ९.१ सीमा समन्वय तथा अन्तर-जिल्ला समन्वय बैठकहरू

1. **भारत-नेपाल जिल्ला सीमा समन्वय समिति (BDCC) बैठक (सीतामढी, भारत - २०८३ जेठ ९):**
   - सीतामढीका District Magistrate श्री सञ्जीव कुमारको अध्यक्षतामा सम्पन्न बैठकमा महोत्तरी, सर्लाही र रौतहटका प्र.जि.अ. हरूको सहभागिता थियो।
   - **निर्णयहरू:** सीमापार अपराध, मदिरा/लागुऔषध तस्करी रोक्न तत्काल सूचना आदानप्रदान (Intelligence Sharing), नक्कली नोट नियन्त्रण, र दशगजा (No Man's Land) को अतिक्रमण हटाई ५ वटा मन्दिर र १ विद्यालय संरचना सार्ने निर्णय गरियो।
2. **महोत्तरी-सर्लाही अन्तर-जिल्ला समन्वय बैठक (२०८३ जेठ ९):**
   - महोत्तरीका प्र.जि.अ. इन्द्र देव यादव र सर्लाहीका प्र.जि.अ. रामु राज कडरियाको संयुक्त अध्यक्षतामा सम्पन्न।
   - **निर्णयहरू:** चुरे क्षेत्र संरक्षण, रातु र मरहा नदीको अवैध उत्खनन नियन्त्रण, र साझा आपत्कालीन विपद् प्रतिकार्य योजना (Joint Emergency Response Plan) स्वीकृत गरियो।










## ९.२ विद्यालय तथा समुदायस्तरमा सञ्चालित सचेतनामूलक अभियानहरू

- **कक्षा १२ को परीक्षा मर्यादित बनाउने सूचना (२०८२/०१/१२)**: परीक्षा हलमा मोबाइल, स्मार्ट घडी लगायत विद्युतीय उपकरण लैजान निषेध, परीक्षाको निष्पक्षता कायम राख्न केन्द्राध्यक्षहरूलाई कडा निर्देशन र अमर्यादित गतिविधि गरेमा कडा कानुनी कारबाहीको चेतावनी दिइयो।
- **सडक सुरक्षा तथा हेलमेट सचेतना अभियान**: एकडारामा एस.ई.ई. परीक्षार्थी दुर्घटनामा परेको घटना पश्चात् मोटरसाइकलमा ३ जना सवार (Triple Load) नगर्न, अनिवार्य रूपमा गुणस्तरीय हेलमेट प्रयोग गर्न, र भारतीय नम्बर प्लेटका बिनापास सञ्चालित गाडीहरू नियन्त्रणमा लिने गरी विशेष अभियान चलाइयो।
- **बालबालिकालाई राजनीतिक गतिविधिमा प्रयोग निषेध (२०८२/०१/२४)**: बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार बालबालिकाहरूलाई जुलुस, धर्ना, बन्द वा राजनीतिक आन्दोलनमा प्रयोग नगर्न सम्पूर्ण राजनीतिक दलहरूलाई सार्वजनिक सचेतना सूचना जारी गरियो।
- **अवैध शैक्षिक परामर्श केन्द्र (Consultancies) नियन्त्रण (२०८३/०२/०७)**: कानुनी अनुमति नलिई सञ्चालित कन्सल्टेन्सी, भाषा शिक्षण केन्द्रहरूमा भर्ना नहुन विद्यार्थी/अभिभावकलाई सुसूचित गर्दै त्यस्ता संस्थामाथि अनुगमन तथा कारबाही अघि बढाइयो।

## ९.३ सार्वजनिक सुनुवाइ, सूचनाको हक र "शून्य बाँकी फाइल सप्ताह"

- **सार्वजनिक सुनुवाइ कार्यक्रमहरू**: सुशासन र नागरिक सन्तुष्टि मापनका लागि चौथो त्रैमासिकमा लोहारपट्टी न.पा., सोनमा गा.पा., सम्सी गा.पा., पिपरा गा.पा. लगायतका स्थानीय तहहरुमा सार्वजनिक सुनुवाइ तथा अन्तर्क्रिया कार्यक्रमहरू सम्पन्न गरिएका छन्।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय




(सार्वजनिक सुनुवाईको क्रममा आफ्ना मन्तब्य राख्दै प्रमखु जिल्ला अधिकारी)

- **शून्य बाँकी फाइल सप्ताह अभियान (२०८२ चैत ३० - २०८३ वैशाख ७):** गृह मन्त्रालयको निर्देशनानुसार सञ्चालित अभियानमा कुल ९२९ फाइलहरू प्राप्त भएकोमा राहदानी, नागरिकता प्रतिलिपि, र राष्ट्रिय परिचयपत्र क्षेत्रमा १००% फाइल फछ्र्यौट गरी "शून्य बाँकी" (**Zero Pending**) कायम राख्न सफलता मिलेको छ।

# परिच्छेद १०:

## भौतिक स्रोत-साधन, भवन तथा जिन्सी प्रोफाइल

आर्थिक वर्ष २०८२/०८३ को अद्यावधिक जिन्सी तथा भौतिक स्रोत-साधन प्रतिवेदन अनुसार:

### १०.१ भवन तथा जग्गा जमिनको अवस्था

| क्र.सं. | भवन / संरचनाको नाम | भौतिक अवस्था | प्रयोगको स्थिति | कैफियत |
|---|---|---|---|---|
| १ | हालको मुख्य कार्यालय भवन | ३ तल्ले पक्की भवन | पूर्ण रूपमा प्रयोगमा | छतमा जस्ताको छाना हाली स.प्र.जि.अ. आवास बनाइएको। |
| २ | नवनिर्मित प्र.जि.अ. निवास | २.५ तल्ले पक्की भवन | पूर्ण रूपमा प्रयोगमा | सुविधायुक्त नवनिर्मित निवास। |
| ३ | साविकको पुरानो कार्यालय भवन | २ तल्ले (सुर्खी चुनाबाट निर्मित) | आंशिक प्रयोग (जोखिमयुक्त) | ७० वर्ष पुरानो, उत्तरी भाग भत्केको, क्वाटरका रूपमा प्रयोग। |
| ४ | साविक प्र.जि.अ. / अञ्चलाधीश निवास | पुराना सुर्खी चुना निर्मित भवन | आंशिक प्रयोग | वर्षातमा भागहरू झर्ने गरेको, चालकरहरू बस्ने गरेको। |
| ५ | साविक सहायक अञ्चलाधीश निवास | कच्ची/पुरानो | पूर्ण प्रयोगविहीन | पूर्ण क्षतिग्रस्त भई भत्किसकेको अवस्था। |

- **कार्यालयको नाममा रहेको जग्गा:** कित्ता नं. ८२१ (४-३-०), कित्ता नं. ८२२ (०-१४-१५-०) लगायत जलेश्वरमा कुल विभिन्न कित्ताका जग्गाहरू अभिलेखबद्ध रहेका छन्।

### १०.२ सवारी साधन तथा प्रविधि पूर्वाधार

- **सञ्चालनमा रहेका चारपाङ्ग्रे सवारीः** बा १ झ ३६६८ (स्कारपियो), म.प्र.-०४-००१ झ ००१८ (महिन्द्रा पिकअप S6), म.प्र. ००१ झ ००१३ (स्कारपियो N)।
- **जिर्ण/चालु नरहेका सवारीः** बा १ झ ३५२ (इसुजु), बा १ झ बोलेरो, ज १ झ ४४ (निसान पिकअप)।
- **दुईपाङ्ग्रे सवारी साधनः** ज १ ब ४२२ (होन्डा साइन), ज १ ब ४५१ (युनिकोर्न), ज १ ब ५५९ (युनिकोर्न)।




(पुरानो कार्यालय भवन जिर्ण भएको)



(नयाँ कार्यालय भवन)

# परिच्छेद ११: चुनौती, समस्या तथा भावी कार्यदिशा

## ११.१ कार्यसम्पादनमा देखिएका असजिला तथा चुनौतीहरू

जिल्ला प्रशासन कार्यालय, महोत्तरीले नागरिकलाई छिटो, छरितो र प्रविधिमैत्री सेवा प्रवाह गर्नुका साथै शान्ति सुरक्षा कायम राख्ने, सीमा व्यवस्थापन गर्ने र विपद् प्रतिकार्यमा अग्रपंक्तिमा रहेर काम गर्दै आएको छ। यद्यपि, स्रोत-साधनको सीमितता, भौगोलिक विशिष्टता र बढ्दो जनअपेक्षाहरूका बीच दैनिक कार्यसम्पादन तथा प्रशासनिक सञ्चालनमा विभिन्न वस्तुगत असजिला र जटिल चुनौतीहरू विद्यमान रहेका छन्।

### ११.१.१. भौतिक पूर्वाधार, आवास तथा साङ्गठनिक स्थानको अपर्याप्तता

- **जिर्ण र जोखिमयुक्त भवनहरूः** सदरमुकाम जलेश्वरस्थित जिल्ला प्रशासन कार्यालयका कतिपय साविकका प्रशासनिक तथा आवास भवनहरू करिब ७० वर्ष पुराना, सुर्खी-चुना र परम्परागत प्रविधिबाट निर्मित छन्। पुराना भवनहरू चर्किएका र छतबाट पानी थिग्रिने/खस्ने समस्या रहेकाले मनसुन तथा वर्षायाममा कर्मचारीको कार्यसम्पादन तथा आवास सुरक्षामा प्रत्यक्ष जोखिम सिर्जना भएको छ।
- **इलाका प्रशासन कार्यालयहरूको सेवा प्रवाहमा सास्तीः** जिल्लाका प्रमुख व्यापारिक तथा जनघनत्व क्षेत्रहरूमा रहेका **इलाका प्रशासन कार्यालयहरू (बर्दिबास, गौशाला र रामगोपालपुर)** हालसम्म आफ्नै स्वामित्वको भवन अभावका कारण भाडाका भवनहरूबाट सञ्चालित छन्। पर्याप्त कोठा, सेवाग्राही प्रतीक्षालय, र सेवा अनुकूल पूर्वाधार नहुँदा नागरिकता, प्रतिलिपि तथा अन्य प्रशासनिक सेवा लिन आउने नागरिकहरूले सास्ती व्यहोर्नुपरेको छ।

- **कर्मचारी आवास र भौतिक सुविधाको अभाव:** सदरमुकाम जलेश्वरमा कार्यरत कर्मचारीहरूका लागि पर्याप्त, आधुनिक र सुविधायुक्त आवास भवनको कमी छ, जसले गर्दा जनशक्तिको टिकाउपन र मनोबलमा असर पर्ने गरेको छ।

## ११.१.२. खुला सीमा, भौगोलिक संवेदनशीलता र आधुनिक सुरक्षा पूर्वाधारको कमी

- **अन्तर्राष्ट्रिय सीमा व्यवस्थापनमा जटिलता:** महोत्तरी जिल्ला भारतको बिहार राज्य (सीतामढी र मधुवनी जिल्ला) सँग ६४.५ किलोमिटर लामो खुला अन्तर्राष्ट्रिय सीमासँग जोडिएको छ। सीमा नाकामा कतिपय स्थानमा स्पष्ट भौतिक अवरोध नहुनु र बाक्लो बस्ती हुनुले सीमापार अपराध नियन्त्रणमा निरन्तर चुनौती सिर्जना गरेको छ।
- **अवैध कारोबार तथा तस्करी नियन्त्रण:** खुला सीमाको फाइदा उठाउँदै साना हातहतियारको ओसारपसार, भारतीय मदिरा, प्रतिबन्धित औषधि तथा फर्मास्युटिकल लागूऔषध (नाइट्राभेट, डाइजेपाम आदि) को illegal influx र नेपालतर्फबाट गाँजा/चरेश तस्करी रोक्न दैनिक रूपमा कडा चुनौती रहेको छ।
- **आधुनिक प्रविधि र जनशक्तिको सीमा:** सीमावर्ती क्षेत्रमा २४ सै घण्टा प्रभावकारी निगरानी राख्न आवश्यक पर्ने अत्याधुनिक प्रविधिहरू (जस्तैः नाइभ भिजन क्यामेरा, नाइट भिजन बाइनोकुलर, निगरानी ड्रोन र मेटल डिटेक्टर्स) तथा प्राविधिक रूपमा दक्ष जनशक्तिको कमी छ। यसका साथै, सुरक्षा निकायहरूसँग सीमा गस्ती र चेकिङका लागि पर्याप्त सवारी साधन (चारपाङ्ग्रे र दुईपाङ्ग्रे) को अभाव रहेको छ।

## ११.१.३. विपद्को बहु-प्रकोपीय जोखिम र आपत्कालीन प्रतिकार्यको सीमा

- **वर्खायामको बाढी र डुबानको कहर:** उत्तरको चुरे पहाडी क्षेत्रबाट बग्ने रातु, बिग्ही, मरहा, र जङ्घा जस्ता अनियन्त्रित नदीहरूका कारण बर्खायाममा दक्षिणको सम्सी, सोनमा, मटिहानी, र जलेश्वर क्षेत्रका धेरैजसो भूभागहरू बाढी र डुबानको मारमा पर्छन्। नदीहरूमा हुने भीषण कटान र बालुवा थुपारिने (सिल्टेसन) समस्याले खेतीयोग्य जग्गा मरुभूमिकरण भइरहेको छ।

- **सुक्खायाम र हिउँदका बहु-प्रकोपहरू:**
    - **गर्मी/लू र आगलागी:** वैशाख-जेठको समयमा चल्ने तातो हावा (लू) का कारण सर्वसाधारणको जीवन प्रभावित हुने गर्दछ। साथै सुक्खा मौसम र हावाहुरीका कारण विशेष गरी परम्परागत फुसका छाना भएका विपन्न बस्तीहरूमा भीषण आगलागीको जोखिम रहने गर्छ।
    - **शीतलहर:** हिउँदमा लामो समयसम्म पर्ने कडा शीतलहर र तुवाँलोले गर्दा ज्येष्ठ नागरिक, बालबालिका र विपन्न वर्गको जनजीवन कष्टकर बन्ने गरेको छ।
- **उद्धार तथा प्रतिकार्य सामग्रीको अपर्याप्तता:** जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) सँग आपत्कालीन उद्धारका लागि आवश्यक पर्ने मोटरबोट, रबरबोट, लाइफ ज्याकेट, कटर मेसिन, र अस्थायी आश्रयस्थल (टेन्ट/त्रिपाल) को पर्याप्त मौज्दात नहुँदा द्रुत प्रतिकार्य (Quick Response) मा कठिनाइ हुने गरेको छ।

### ११.१.४. अभिलेख व्यवस्थापन, डिजिटलाइजेसन र डेटा संशोधनका प्राविधिक समस्याहरू

- **पुराना कागजी ढड्डाहरूको जिर्ण अवस्था:** वि.सं. २०३५/२०४० को दशकभन्दा अघिका हस्तलिखित नागरिकता तथा प्रशासनिक अभिलेख ढड्डाहरू पुरानो भई पातो च्यातिएका, मसी मेटिएका वा किराले खाएका कारण अभिलेख भिडानमा धेरै समय लाग्ने गरेको छ।
- **CCIMS र NIDMIS डेटा प्रविष्टिमा त्रुटि:** साविकमा हस्तलिखित विवरणहरूलाई केन्द्रीय नागरिकता सुचना प्रणाली (CCIMS) तथा राष्ट्रिय परिचयपत्र प्रणाली (NIDMIS) मा प्रविष्टि (Data Entry) गर्दा नाम, थर, जन्ममिति वा ठेगानामा भएका त्रुटिहरू (Data Discrepancy) ले गर्दा नागरिकताको प्रतिलिपि जारी गर्दा वा राहदानी सिफारिस गर्दा ढिलाइ हुने गरेको छ।
- **अन्तर-निकाय डेटा आवद्धताको अभाव:** स्थानीय तहका वडा कार्यालयहरू, जिल्ला प्रशासन कार्यालय, र राहदानी/राष्ट्रिय परिचयपत्र विभागबीचको

प्रणाली पूर्ण रूपमा एकीकृत (Seamless Interoperability) हुन बाँकी रहेकाले सेवाग्राहीले एउटै विवरणका लागि पटक-पटक फरक-फरक कार्यालयमा धाउनुपर्ने बाध्यता कायमै छ।

### ११.१.५. सामाजिक-आर्थिक जटिलता र उजुरी सम्बोधनको चाप

- **अनुचित लेनदेन (मिटरब्याज) को सघन चापः** महोत्तरी जिल्लामा लामो समयदेखि जरो गाडेर बसेको अनुचित लेनदेन (मिटरब्याज) समस्याका ६ हजारभन्दा बढी उजुरीहरू प्राप्त भएका छन्। साहु र पीडित पक्षबीचको हिसाब-किताब मिलान, कागजात छानबिन, र दुवै पक्षलाई सहमतिमा ल्याउन अत्यधिक समय, धैर्यता र जनशक्ति खर्चनुपरेको छ।
- **वैदेशिक रोजगारीका नाममा ठगी र उद्धारः** जिल्लाबाट वैदेशिक रोजगारीमा जाने युवाहरूको सङ्ख्या उच्च रहेकाले स्थानीय एजेन्ट वा म्यानपावरबाट हुने ठगी, फर्जी कागजात, र विदेशमा अलपत्र परेका श्रमिकहरूको उद्धार सम्बन्धी ठाडो उजुरीहरूको सम्बोधन गर्न प्रशासनिक चाप निरन्तर बढिरहेको छ।

## ११.२ भावी कार्यदिशा तथा प्राथमिकताहरू (Future Roadmap & Priorities)

गृह मन्त्रालयको नीतिगत मार्गदर्शन, स्थानीय प्रशासन ऐन, २०२८ तथा महोत्तरी जिल्लाको भौगोलिक र सामाजिक विशिष्टतालाई दृष्टिगत गरी आगामी दिनमा सुशासन, शान्ति-सुरक्षा, र नागरिक सन्तुष्टि अभिवृद्धि गर्न देहाय अनुसारका भावी कार्यदिशा तथा प्राथमिकताहरू तय गरी कार्यान्वयनमा ल्याइनेछः

### ११.२.१. नागरिक सेवामा पूर्ण डिजिटलाइजेसन, कार्यप्रक्रिया सरलीकरण र BPR कार्यान्वयन

- **अनलाइन नागरिकता एवं प्रतिलिपि सेवाको पूर्णताः** गृह मन्त्रालयको नीति अनुसार जिल्ला प्रशासन कार्यालय तथा मातहतका ३ वटै इलाका प्रशासन कार्यालयहरू (बर्दिबास, गौशाला र रामगोपालपुर) मा नागरिकता, प्रतिलिपि र

राहदानी आवेदनलाई १००% अनलाईन प्रणाली (CCIMS/NID) मा आबद्ध गरी कागजी प्रक्रिया (Paperless Workflow) लाई न्यूनतम बनाउने।

- **स्थानीय तहसँग डेटा एकीकरणः** जिल्लाका १५ वटै स्थानीय तहका वडा कार्यालयहरूबाट जारी हुने नागरिकता सिफारिसलाई CCIMS प्रणालीसँग प्रत्यक्ष एकीकृत गरी फर्जी कागजात रोक्ने र सेवाग्राहीले वडाबाटै सिफारिस प्रमाणीकरण गरी १ घण्टाभित्रै नागरिकता पाउने वातावरण बनाउने।
- **जिर्ण अभिलेखको डिजिटल आर्काइभिङ (Digital Archival):** साविकका हस्तलिखित पुराना नागरिकता ढड्डाहरूलाई उच्च प्रविधियुक्त स्क्यानरमार्फत डिजिटाइज र इन्डेक्सिङ (Indexing) गरी अभिलेख सुरक्षित गर्ने, जसले गर्दा दशकौं पुराना प्रतिलिपि खोज्दा लाग्ने समय मिनेटमै सीमित हुनेछ।

### ११.२.२. आधुनिक प्रविधिमा आधारित सीमा सुरक्षा, एकीकृत सीमा व्यवस्थापन र अपराध नियन्त्रण

- **उच्च प्रविधियुक्त नाका निगरानीः** भारतसँग जोडिएको ६४.५ किलोमिटर लामो खुला सीमाका प्रमुख प्रवेशद्वाराहरू (भिट्टामोड, मटिहानी र सम्सी) मा **आधुनिक एआई-आधारित (AI-enabled) CCTV क्यामेरा** र 'नम्बर प्लेट पहिचान प्रणाली' (ANPR) जडान गरी २४ सै घण्टा निगरानी राख्ने।
- **ड्रोन तथा नाइट-भिजन गस्तीः** सीमापार साना हातहतियार, मदिरा, र लागूऔषधको अवैध ओसारपसार हुने झाडी तथा एकान्त क्षेत्रहरू (Hotspots) मा **निगरानी ड्रोन (Surveillance Drones)** र नाइट-भिजन उपकरणसहितको संयुक्त टोली परिचालन गर्ने।
- **द्विदेशीय समन्वय सुदृढीकरणः** भारतीय समकक्षी अधिकारीहरू (District Magistrate, सीतामढी/मधुवनी) र भारतीय सीमा सुरक्षा बल (SSB) सँग नियमित **BDCC बैठक** र 'संयुक्त सीमा गस्ती' (Joint Border Patrol) लाई निरन्तरता दिँदै दशगजा (No Man's Land) को अतिक्रमण पूर्ण रूपमा हटाउने।

### ११.२.३. अनुचित लेनदेन (मिटरब्याज) को पूर्ण फछ्यौंट र सामाजिक-आर्थिक न्याय